# कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली, २०७८

कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७ को दफा ९५ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले "कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी ऐन, २०७७" सम्झनु पर्छ।

(ख) "प्राविधिक समिति" भन्नाले नियम २६ बमोजिमको प्राविधिक समिति सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आयोजनासँग सम्वन्धित कर्णाली प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

## परिच्छेद-२
## साझेदारी, लगानी तथा कार्यान्वयनको ढाँचा छनौट सम्बन्धी व्यवस्था

३. **साझेदारीको ढाँचा छनौट गर्नु पर्नेः** मन्त्रालयले आयोजना कार्यान्वयनका लागि ऐनको दफा ५ बमोजिमको साझेदारीको ढाँचा मध्ये कुनै एक ढाँचा छनौट गर्नु पर्नेछ।

४. **लगानीको ढाँचा छनौट गर्नु पर्नेः** मन्त्रालयले आयोजना कार्यान्वयनका लागि ऐनको दफा ६ बमोजिम लगानीको ढाँचा छनौट गर्नु पर्नेछ।

५. **कार्यान्वयनको ढाँचा छनौट गर्नु पर्नेः** ऐनको दफा ७ बमोजिम मन्त्रालयले आयोजना कार्यान्वयनको ढाँचा छनौट गर्नु पर्नेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

## परिच्छेद-३

### पूर्वाधार र सामाजिक-आर्थिक आयोजनाको साझेदार छनौट सम्बन्धी व्यवस्था

६. सूचना प्रकाशन गर्नुपर्ने: (१) ऐनको दफा १२ को उपदफा (१) र दफा २४ को उपदफा (१) बमोजिम आशयपत्र आह्वान गर्दा कम्तीमा तीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइटमा समेत राख्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको सूचनामा देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आयोजनाको सम्भाव्यता अध्ययन, सर्वेक्षण वा विस्तृत डिजाइन भएको भए सोको संक्षिप्त विवरण,

(ख) आयोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रुपमा आयोजना सम्भाव्य हुन सक्ने आधार,

(ग) आयोजना कार्यान्वयन गर्दा प्रदेश सरकारबाट कुनै सुविधा वा सहुलियत दिन सकिने भए सोको विवरण,

(घ) आशयपत्र पेश गर्ने अन्तिम मिति,

(ङ) आशयपत्र खोल्ने मिति, समय र स्थान,

(च) आशयपत्र छनौट हुने आधार,

(छ) आशयपत्रमा निर्णय हुने समय,

(ज) विद्युतीय माध्यमबाट पेश गर्न सक्ने कागजात वा विवरण,

(झ) आयोजनाको प्रकृति अनुसार अन्य आवश्यक विवरण।

७. विवरण खुलाउनु पर्ने: (१) ऐनको दफा १२ को उपदफा (२) र दफा २४ को उपदफा (२) बमोजिम आशयपत्र पेश गर्दा आशयपत्रदाताले देहायका विवरण खुलाउनु पर्नेछः-

(क) आशयपत्र पेश गर्ने कम्पनी वा संस्थाको विवरण,

(ख) आयोजना कार्यान्वयन गर्न सक्ने वित्तीय तथा प्राविधिक क्षमता एवम् दक्षता,

(ग) आयोजना कार्यान्वयनको व्यावसायिक योजना,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

(घ) आयोजना कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोत,

(ङ) आयोजनाको सम्भाव्यता अध्ययन नभएको भए आर्थिक, सामाजिक, प्राविधिक तथा वातावरणीय रुपमा आयोजना सम्भाव्य हुन सक्ने आधार,

(च) अन्य आवश्यक कुरा।

(२) आशयपत्र पेश गर्दा कम्पनी वा संस्थाले एक लाख पचास हजास हजार रुपैयाँ दस्तुर मन्त्रालयले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा समेत पेश गर्नु पर्नेछ।

(३) मन्त्रालयले पेश हुन आएका आशयपत्र छुट्टै दर्ता किताबमा दर्ता गर्नु पर्नेछ।

८. <u>आशयपत्र खोल्नु पर्ने:</u> (१) मन्त्रालयमा दर्ता भएका आशयपत्र सम्बन्धित आशयपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा आशयपत्र आह्वान सम्वन्धी सूचनामा तोकिएको मिति, समय र स्थानमा खोल्नु पर्नेछ।

तर आशयपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र आशयपत्र खोल्न बाधा पर्ने छैन।

(२) उपनियम (१) वमोजिम खोलिएका आशयपत्रको मूल्याङ्कनका लागि तीन दिनभित्र प्रस्ताव मूल्याङ्कन समितिमा पेश गर्नु पर्नेछ।

९. <u>आयशपत्र फिर्ता गर्न सक्ने:</u> (१) कुनै आशयपत्रदाताले पेश गरेको आशयपत्र फिर्ताका लागि मन्त्रालय समक्ष निवेदन दिएमा वा मन्त्रालयले कुनै आशयपत्रदाताले पेश गरेको आशयपत्र फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई त्यस्तो आशयपत्र र सोसँग सम्वन्धित कागजात सम्वन्धित आशयपत्रदातालाई फिर्ता गर्न सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट पेश भएको आशयपत्र फिर्ता गर्नु पर्ने छैन।

तर त्यस्तो अवस्थामा आशयपत्र रद्द भएको जानकारी सम्बन्धित आशयपत्रदातालाई दिनु पर्नेछ।

१०. <u>आशयपत्रको मूल्याङ्कन तथा छनौट:</u> (१) मन्त्रालयमा पेश भएका आशयपत्रको मूल्याङ्कन प्रस्ताव मूल्याङ्कन समितिले गर्नेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

(२) मन्त्रालयले कुनै आयोजनाको लागि आशयपत्रको मूल्याङ्कन विधि, शर्त र तरिका निर्धारण गरेको भए प्रस्ताव मूल्याङ्कन समितिले सोही आधारमा आशयपत्र मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम कुनै विधि, शर्त र तरिका निर्धारण नगरेको अवस्थामा मन्त्रालयले आशयपत्र आह्वान सम्बन्धी कागजातमा उल्लिखित छनौटका आधार बमोजिम आशयपत्रदाताको प्राविधिक तथा आर्थिक क्षमता र अनुभवको मूल्याङ्कन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम मूल्याङ्कनको लागि एक सय अङ्कमा नबढ्ने गरी आयोजनाको प्रकृति अनुसार देहायका विषयमा देहाय बमोजिम अङ्क विभाजन गरी सो बमोजिमको अङ्क दिनु पर्नेछः-

(क) प्राविधिक क्षमता वापत तीस देखि पचास अङ्क,

(ख) आर्थिक क्षमता बापत बीस देखि चालीस अङ्क,

(ग) अनुभव बापत दश देखि तीस अङ्क।

(५) उपनियम (४) बमोजिम मूल्याङ्कन गर्दा देहायको आधारमा गरिनेछः-

(क) आशयपत्रदाताको प्राविधिक क्षमताको मूल्याङ्कन गर्दा आयोजना कार्यान्वयनको लागि कुनै यन्त्र, उपकरण, फर्मुला, बौद्धिक सम्पत्ति सम्वन्धी अधिकार, विशिष्टता वा जनशक्ति चाहिने भए आशयपत्रदातासँग रहेको त्यस्तो यन्त्र, उपकरण, बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार, विशष्टता वा जनशक्ति,

(ख) आशयपत्रदाताको आर्थिक क्षमताको मूल्याङ्कन गर्दा आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा मर्मत सम्भारको लागि आवश्यक आर्थिक क्षमता भए वा नभएको र त्यस्तो आशयपत्रदाता कम्पनी वा संस्था भए सोको वित्तीय विवरणको आधारमा त्यस्तो कम्पनी वा संस्थाको वित्तीय स्रोतबाट आयोजनाको लागि व्यहोर्ने रकम, ऋण वा इक्विटी रकम,

(ग) आशयपत्रदाताको अनुभवको मूल्याङ्कन गर्दा निजले कुनै आयोजनाको निर्माण, सञ्चालन तथा कार्यान्वयन गरेको अनुभव,

(घ) आयोजनालाई बढी सम्भाव्य बनाउन पेश गरिएका अन्य कुरा।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत



२०७८.८

प्रमुख सचिव

Scanned with CamScanner

(६) उपनियम (५) बमोजिम मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने मध्येबाट अधिकतम् अङ्क प्राप्त गर्ने बढीमा छ वटा आशयपत्रदाताको संक्षिप्त सूची तयार गरी छनौटको लागि सिफारिस सहितको प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम पेश गरिएको प्रतिवेदनका आधारमा मन्त्रालयले संक्षिप्त सूची स्वीकृत गर्न सक्नेछ।

(८) यस नियम बमोजिम आशयपत्रदाता छनौट गर्दा आशयपत्रदाता छनौट हुन नसकेमा वा नियम ६ बमोजिम आह्वान गरिएको सूचना अनुसार कुनै पनि आशयपत्रदाताबाट आशयपत्र पेश नभएमा मन्त्रालयले पुनः सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्नेछ।

(९) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक मात्र आशयपत्रदाताबाट आशयपत्र पेश भएमा त्यस्तो आशयपत्र मूल्याङ्कन गर्न सकिनेछ।

११. <u>संक्षिप्त सूची प्रकाशनः</u> (१) नियम १० को उपनियम (७) बमोजिम स्वीकृत भएको संक्षिप्त सूची मन्त्रालयले प्रकाशन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको संक्षिप्त सूची प्रकाशन भएको सात दिनभित्र सूचीमा परेका आशयपत्रदातालाई सोको जानकारी दिनु पर्नेछ।

१२. <u>प्रस्ताव माग गर्नु पर्नेः</u> आयोजना कार्यान्वयन गर्ने सम्वन्धमा मन्त्रालयले नियम ११ बमोजिमको संक्षिप्त सूचीमा समावेश भएका आशयपत्रदाताबाट देहायका विवरण खुलाई कम्तीमा पैंतालीस दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिका र मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछः-

(क) प्रस्ताव सम्बन्धी कागजात उपलब्ध हुने निकाय र सो बापत लाग्ने सेवा, शुल्क तथा दस्तुर,

(ख) प्रस्ताव पेश गर्ने तरिका तथा प्रस्ताव पेश गर्ने अन्तिम मिति, समय र स्थान,

(ग) प्रस्ताव खोल्ने मिति, समय र स्थान,

(घ) प्रस्ताव मूल्याङ्कनका आधार,

(ङ) प्रस्तावमा निर्णय हुने समय,

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

(च) अन्य आवश्यक कुरा।

१३. प्रस्ताव सम्बन्धी कागजात तयार गर्नु पर्नेः (१) नियम १२ बमोजिम प्रस्ताव आह्वान गर्नु पूर्व मन्त्रालयले प्राविधिक र आर्थिक प्रस्तावको छुट्टाछुट्टै कागजात तयार गरी स्वीकृत गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रस्ताव सम्वन्धी कागजातमा मन्त्रालयले छाप लगाई मन्त्रालयको सचिव वा निजले तोकेको अधिकृत कर्मचारीले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

१४. प्रस्तावकसँग पूर्व छलफलः नियम १२ बमोजिम प्रस्ताव पेश गर्न तोकेको समय अघि मन्त्रालयले मिति, समय र स्थान तोकी प्रस्तावकसँग आवश्यकता अनुसार पूर्व छलफल गर्न सक्नेछ।

१५. प्रस्ताव पेश गर्नु पर्नेः (१) प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्ताव छुट्टाछुट्टै सिलवन्दी गरी मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्दा ऐनको दफा १४ को उपदफा (२) मा उल्लेख भएका विवरणको अतिरिक्त देहायका विवरण खुलाई पेश गर्नु पर्नेछः-

(क) आयोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ख) सम्झौता अवधि।

(३) प्रस्तावदाताले प्रस्ताव सम्वन्धी कागजात खरिद वापत अनुसूची-१ बमोजिमको शुल्क मन्त्रालयले तोकेको बैङ्क खातामा जम्मा गरी सोको निस्सा पेश गर्नु पर्नेछ।

(४) मन्त्रालयले दर्ता हुन आएका प्रस्ताव छुट्टै दर्ता कितावमा दर्ता गरी सुरक्षित राख्नु पर्नेछ।

१६. प्रस्ताव खोल्नु पर्नेः मन्त्रालयले दर्ता भएका प्रस्ताव प्रस्तावदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रस्ताव आह्वानको सूचनामा तोकेको मिति, स्थान र समयमा खोल्नु पर्नेछ।

तर प्रस्तावदाता वा निजको प्रतिनिधि अनुपस्थित भएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन।

१७. प्रस्ताव फिर्ता गर्न सक्नेः (१) कुनै प्रस्तावदाताले पेश गरेको प्रस्ताव फिर्ताका लागि मन्त्रालय समक्ष निवेदन दिएमा वा मन्त्रालयले कुनै प्रस्तावदाताले पेश गरेको प्रस्ताव फिर्ता गर्न आवश्यक देखेमा सोको कारण खुलाई त्यस्तो प्रस्ताव र सोसँग सम्बन्धित कागजात सम्बन्धित प्रस्तावदातालाई फिर्ता गर्न सक्नेछ।



प्रमुख सचिव

Scanned with CamScanner

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्युतीय माध्यमबाट पेश भएको प्रस्ताव फिर्ता गर्नु पर्ने छैन।

तर त्यस्तो अवस्थामा प्रस्ताव रद्द भएको जानकारी सम्बन्धित प्रस्तावदातालाई दिनु पर्नेछ।

१८. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौटः</u> (१) प्रस्ताव मूल्याङ्कन समितिले मन्त्रालयमा पेश भएका प्रस्तावको मूल्याङ्कन गर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव मूल्याङ्कन गर्दा पूर्वाधार आयोजनाको साझेदार छनौट सम्बन्धी प्रस्तावको ऐनको दफा १५ को उपदफा (१) बमोजिमका आधारमा र सामाजिक-आर्थिक आयोजनाको साझेदार छनौट सम्बन्धी प्रस्तावको हकमा ऐनको दफा २८ को उपदफा (१) मा उल्लिखित आधारका अतिरिक्त देहायका आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) आयोजना कार्यान्वयन सम्बन्धी सङ्गठनात्मक व्यवस्था, प्रक्रिया र कार्यतालिका,

(ख) आयोजनाको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभाव।

(३) प्रस्ताव मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा पहिला प्राविधिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्नेछ।

(४) यस नियम बमोजिम प्राविधिक प्रस्ताव छनौट हुन कम्तीमा साठी प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ।

(५) प्रस्ताव मूल्याङ्कन समितिले उपनियम (४) बमोजिम साठी प्रतिशत अङ्क प्राप्त नगर्ने प्रस्तावकको छुट्टै सूची तयार गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

(६) प्रस्ताव मूल्याङ्कन समितिले मूल्याङ्कन कार्य शुरु गरेको मितिले पैंतालीस दिनभित्र प्राविधिक प्रस्ताव छनौट सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(७) उपनियम (६) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा मन्त्रालयले प्राविधिक प्रस्ताव छनौट गरी स्वीकृत गर्नेछ।

(८) उपनियम (७) बमोजिम स्वीकृत गरिएका प्रस्ताव पेश गर्ने प्रस्तावकलाई मन्त्रालयले सात दिनभित्र आर्थिक प्रस्ताव खोल्ने सूचनासहित जानकारी पठाउनु पर्नेछ।



प्रमुख सचिव

Scanned with CamScanner

(९) कुनै प्रस्तावकको प्राविधिक प्रस्ताव स्वीकृत नभएमा मन्त्रालयले त्यस्तो प्रस्तावकलाई सोको जानकारी सहित निजले पेश गरेको आर्थिक प्रस्ताव फिर्ता दिनु पर्नेछ।

(१०) उपनियम (८) बमोजिमको सूचनामा तोकेको मिति, समय र स्थानमा प्रस्ताव मूल्याङ्कन समितिले आर्थिक प्रस्ताव खोली देहायको आधारमा मूल्याङ्कन गर्नेछः-

(क) आयोजनाको अनुमानित लागत,

(ख) आयोजनाको कार्यान्वयन गर्दा उपभोक्तासँग लिने प्रस्तावित सेवा शुल्क,

(ग) रोयल्टी वा राजस्व तथा त्यस्तो रोयल्टी वा राजस्व भुक्तानी गर्ने समय र तरिका,

(घ) सम्झौताको प्रस्तावित अवधि,

(ङ) प्रदेश सरकारबाट अपेक्षित सुविधा तथा सहुलियत वा प्रदेश सरकारलाई उपलव्ध गराउन प्रस्ताव गरिएका आर्थिक फाइदा,

(च) अन्य आवश्यक कुरा।

(११) प्रस्ताव मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम पेश गरिएको प्रतिवेदन समेतको आधारमा मन्त्रालयले आर्थिक प्रस्ताव स्वीकृत गर्नेछ।

(१३) उपनियम (१२) बमोजिम स्वीकृत भएको प्रस्तावको प्रस्तावकलाई मन्त्रालयले सात दिनभित्र सोको जानकारी दिनु पर्नेछ।

१९. <u>वार्ताद्वारा आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्था:</u> (१) ऐनको दफा १७ बमोजिम वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न चाहने कम्पनीले ऐनको दफा १४ को उपदफा (२) मा उल्लिखित विवरणका अतिरिक्त देहायका कुरा खुलाई मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछः-

(क) आयोजना कार्यान्वयनको व्यावसायिक योजना,

(ख) प्रस्तावित सम्झौता अवधि।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा निवेदकले निवेदन दस्तुर बापत दुई लाख पचास हजार रुपैयाँ मन्त्रालयले तोकेको बैंक खातामा जम्मा गरी सोको निस्सा पेश गर्नु पर्नेछ।

प्रमुख सचिव



Scanned with CamScanner

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर ऐन र यस नियमावली बमोजिम निवेदकले पेश गर्नु पर्ने आवश्यक कागजात, विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा मन्त्रालयको सचिवले आवश्यक जाँचबुझ गर्ने वा गराउनेछ।

(४) उपनियम (३) बमोजिम जाँचबुझ गर्दा निवेदकले निवेदनसाथ पेश गर्नु पर्ने कागजात, विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्न सम्बन्धित निवेदकलाई मनासिब माफिकको म्याद तोकी निवेदन परेको मितिले पन्ध्र दिनभित्र सूचना दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम सूचना प्राप्त भएमा सम्बन्धित निवेदकले सूचनामा तोकेको म्यादभित्र त्यस्तो कागजात, विवरण वा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिम कागजात, विवरण वा प्रतिवेदन पेश नगर्ने निवेदकको निवेदन उपर कुनै कारबाही गरिने छैन।

(७) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा देहायका विषयलाई आधार लिनु पर्नेछः-

(क) आयोजनाको सम्भाव्यता, उपयोगिता र दिगोपना,

(ख) आयोजना कार्यान्वयनबाट प्राप्त हुने राजश्व र आम्दानी,

(ग) प्रदेश सरकारलाई कुनै प्रकारको आर्थिक दायित्व पर्ने वा नपर्ने,

(घ) आयोजना कार्यान्वयनबाट हुने रोजगारी सिर्जनाको अवस्था,

(ङ) आयोजनाको अनुमानित लागत।

(८) वार्ताद्वारा आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएमा प्रदेश सरकारले वार्ता टोली गठन गर्न सक्नेछ।

परिच्छेद-४

## सम्झौता तथा अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. सम्झौता गर्नु पर्ने: (१) ऐन र यस नियमावली बमोजिम आयोजना कार्यान्वयनका लागि छनौट भएको प्रस्तावकसँग मन्त्रालयले ऐनको दफा २३ मा उल्लिखित कुराहरु उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम गरिने सम्झौताको अवधि देहायका आधारमा निर्धारण गरिनेछः-



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

Scanned with CamScanner

(क) आयोजनाको प्रकृति,

(ख) आयोजनाको लागत,

(ग) प्रस्तावकले आयोजना सञ्चालन गर्दा उठाउन पाउने शुल्क,

(घ) प्रस्तावकले प्रदेश सरकारलाई बुझाउनु पर्ने कर, रोयल्टी वा अन्य प्रकारको रकम,

(ङ) आयोजना सञ्चालनबाट प्रस्तावकले प्राप्त गर्न सक्ने मनासिब मुनाफा,

(च) आयोजना निर्माण गर्न लाग्ने कुल अवधि तथा प्रस्तावकले शुल्क उठाई आयोजना सञ्चालन गर्न पाउने अवधि,

(छ) आयोजनाको वित्तीय स्रोत,

(ज) आयोजनामा प्रदेश सरकारले संयुक्त लगानी गरे वा नगरेको कुरा।

(३) उपनियम (१) बमोजिम गरिने सम्झौताको अवधि बढीमा तीस वर्षको हुनेछ।

२१. <u>अनुमतिपत्र दिने:</u> ऐन र यस नियमावली बमोजिम आयोजना कार्यान्वयनका लागि छनौट भएको प्रस्तावकलाई मन्त्रालयले अनुसूची-२ मा उल्लेख भए बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ।

## परिच्छेद-५

## प्रमुख कार्यकारी अधिकृतको योग्यता, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक र सुविधा

२२. <u>प्रमुख कार्यकारी अधिकृतको योग्यता:</u> ऐनको दफा ३८ को उपदफा (१) मा उल्लिखित योग्यताको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको अन्य योग्यता देहाय बमोजिम हुनु पर्नेछ:-

(क) नेपाली नागरिक,

(ख) पैंतीस वर्ष उमेर पूरा भएको,

(ग) कम्पनीसँग कुनै स्वार्थ नबाझिएको,

(घ) साहूको दामासाहीमा नपरेको,



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव

(ङ) उच्च नैतिक चरित्र भएको।

२३. <u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार:</u> ऐनको दफा ४२ मा उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रमुख कार्यकारी अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कम्पनीको वार्षिक प्रगति विवरण तयार गरी सञ्चालक समितिमा पेश गर्ने,

(ख) कम्पनीको आय र व्ययको लेखापरीक्षण गराउने,

(ग) कम्पनीमा कार्यरत कर्मचारीको सुपरीवेक्षण, समन्वय, निर्देशन र नियन्त्रण गर्ने।

२४. <u>प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा:</u> प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र सुविधा प्रदेश सरकारको सचिवले खाए पाए सरह हुनेछ।

## परिच्छेद-६

## क्षतिपूर्ति निर्धारण समिति, प्राविधिक समिति र प्रस्ताव मुल्याङ्कन समिति सम्वन्धी व्यवस्था

२५. <u>क्षतिपूर्ति निर्धारण समिति:</u> (१) ऐनको दफा ६२ को उपदफा (२) र दफा ६३ को उपदफा (१) वमोजिम दिइने क्षतिपूर्ति निर्धारण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ:-

| | | |
|---|---|---|
| (क) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | - संयोजक |
| (ख) | उपसचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - सदस्य |
| (ग) | उपसचिव, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | - सदस्य |
| (घ) | सम्बन्धित स्थानीय तहले तोकेको आयोजना क्षेत्रको स्थानीय उपभोक्ता एक जना | - सदस्य |
| (ङ) | उपसचिव (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय | - सदस्य-सचिव |

(२) क्षतिपूर्ति निर्धारण समितिले सम्बन्धित विषयको विज्ञ र घर जग्गा धनीलाई सो समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) क्षतिपूर्ति निर्धारण समितिको सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

(४) क्षतिपूर्ति निर्धारण समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ।

२६. <u>प्राविधिक समिति:</u> (१) ऐनको दफा ७९ बमोजिम पूर्वाधार आयोजना कार्यान्वयन सम्वन्धमा प्रदेश सरकारलाई प्राविधिक सुझाव दिन देहाय बमोजिमको एक प्राविधिक समिति रहनेछ:-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) सचिव, जलस्रोत तथा उर्जा विकास मन्त्रालय - सदस्य

(ग) सचिव, भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय - सदस्य

(घ) मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको र पूर्वाधार विकासका क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको प्रदेश सरकारबाट मनोनीत एक जना विज्ञ - सदस्य

(ङ) निर्देशक, पूर्वाधार विकास निर्देशनालय - सदस्य

(२) उपनियम (१) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज पुनः मनोनीत हुन सक्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यले तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा प्रदेश सरकारले निजलाई जुनसुकै वखत सदस्यको पदवाट हटाउन सक्नेछ।

तर त्यसरी सदस्य पदवाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(४) प्राविधिक समितिको वैठक आवश्यकता अनुसार प्राविधिक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(५) प्राविधिक समितिको वैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२७. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकार:</u> प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) आयोजनाको लाभ लागत विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यक सुझाव दिने,

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner

(ख) मन्त्रालय र सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिबाट आयोजनाको बारेमा प्राविधिक राय, परामर्श माग भएमा त्यस्तो राय, परामर्श उपलब्ध गराउने,

(ग) आफुले गरेका काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्ने,

(घ) प्रदेश सरकारले तोके बमोजिमका अन्य काम गर्ने।

२८. <u>सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिको काम, कर्तव्य र अधिकार:</u> ऐन तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सार्वजनिक निजी साझेदारी आयोजना छनौट समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आयोजनासँग सम्वन्धित नीति वा कानूनको सुधार गर्न र प्रचलित कानूनलाई लगानीमैत्री बनाउन सम्वन्धित निकायलाई सुझाव दिने,

(ख) कुनै आयोजनाको सम्बन्धमा आवश्यकता अनुसार ट्रान्जेक्सन एडभाइजरी सेवा लिने,

(ग) आयोजनावाट उत्पादित वस्तुको निकासीको लागि आवश्यक सहजीकरण गर्ने।

२९. <u>प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार:</u> (१) प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) मन्त्रालयबाट स्वीकृत मापदण्ड, आशयपत्र र प्रस्ताव सम्बन्धी कागजातमा उल्लिखित शर्तका आधारमा आशयपत्र र प्रस्तावको मूल्याङ्कन गर्ने,

(ख) आशयपत्र र प्रस्ताव मूल्याङ्कनको प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्ने,

(ग) मन्त्रालयले तोके बमोजिमका अन्य काम गर्ने।

(२) प्रस्ताव मूल्याङ्कन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई सो समितिको वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) प्रस्ताव मूल्याङ्कन समितिले आफ्नो कार्य सम्पादनका लागि उपसमिति गठन गर्न सक्नेछ।

(४) प्रस्ताव मूल्याङ्कन समितिको बैठक तथा प्रस्ताव मूल्याङ्कन सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-७



प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल

Scanned with CamScanner

## विविध

३०. <u>कार्य सम्पादन जमानत सम्बन्धी व्यवस्था:</u> प्रस्तावकले कार्य सम्पादन जमानत (परफरमेन्स बण्ड) बापत आयोजनाको कूल लागतको एक प्रतिशत रकम वा सो बराबरको बैङ्क ग्यारेण्टी सम्झौतामा उल्लिखित समयभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

३१. <u>कार्यसम्पादन जमानत जफत गर्न सकिने:</u> प्रस्तावकले मनासिव कारण विना सम्झौतामा उल्लिखित अवधिभित्र आयोजना कार्यान्वयन गर्न शुरु नगरेमा वा सम्झौता र अनुमतिपत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा नियम ३० बमोजिम पेश गरेको कार्यसम्पादन जमानत जफत गर्न सकिनेछ।

तर त्यसरी कार्यसम्पादन जमानत जफत गर्नु अघि प्रस्तावकलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

३२. <u>अनुगमन:</u> (१) आयोजना कार्यान्वयनको अनुगमन सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समिति र मन्त्रालयले गर्न वा गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्ने प्रयोजनको लागि सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समितिले मन्त्रालयसँग समन्वय गरी सम्झौतामा उल्लिखित शर्तका आधारमा आयोजना कार्यान्वयन भए वा नभएको मापन गर्ने अनुगमन सूचक बनाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको अनुगमन सूचक आयोजनाको अनुगमन गर्दा प्रयोग गर्नु पर्नेछ र अनुगमन समाप्त भएको सात दिनभित्र सोको लिखित प्रतिवेदन सार्वजनिक निजी साझेदारी आयोजना लगानी छनौट समिति र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको प्रतिवेदनको आधारमा मन्त्रालयले आयोजना कार्यान्वयनका लागि अनुमतिपत्र प्राप्त सम्बन्धित कम्पनी वा संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित कम्पनी वा संस्थाको कर्तव्य हुनेछ।

प्रमुख सचिव



Scanned with CamScanner

अनुसूची-१

(नियम १५ को उपनियम (३) सँग सम्बन्धित)

**प्रस्ताव सम्बन्धी कागजात खरिद बापत लाग्ने शुल्क**

| क.सं. | आयोजना लागत (रु.) | सेवा शुल्क |
|---|---|---|
| १. | एक अर्ब रुपैयाँ भन्दा कम | रु. २५,०००।- |
| २. | एक अर्ब रुपैयाँ देखि दुई अर्ब रुपैयाँसम्म | रु. ५०,०००।- |
| ३. | दुई अर्ब रुपैयाँ भन्दा बढी चार अर्ब रुपैयाँसम्म | रु. ७५,०००।- |
| ४. | चार अर्ब रुपैयाँ भन्दा बढी छ अर्ब रुपैयाँसम्म | रु. १,००,०००।- |
| ५. | छ अर्ब रुपैयाँ भन्दा बढी दश अर्ब रुपैयाँसम्म | रु. १,५०,०००।- |
| ६. | दश अर्ब रुपैयाँ भन्दा माथि | रु. २,००,०००।- |



Scanned with CamScanner

अनुसूची-२

(नियम २१ सँग सम्वन्धित)

<u>अनुमतिपत्र दस्तुर</u>

(क) जलविघुत

| क्र.सं. | जडान क्षमता | अनुमतिपत्र दस्तुर |
|---|---|---|
| १. | पाँच मेगावाट देखि दश मेगावाटसम्म | प्रति वर्ष एकमुष्ट दश लाख रुपैयाँ |
| २. | दश मेगावाट भन्दा बढी वीस मेगावाटसम्म | प्रति वर्ष एकमुष्ट वीस लाख रुपैयाँ |

(ख) बैकल्पिक उर्जा (सौर्य शक्ति, वायु शक्ति, खनिज, कोइला, ग्यास, वायोमास वा फोहोर लगायत अन्य कुनै पदार्थ वा साधनको उपयोगवाट उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि प्रति मेगावाट प्रति वर्ष दश हजार रुपैयाँ)

(ग) अन्य पूर्वाधार

| क्र.सं. | आयोजना लागत (रु.) | अनुमतिपत्र दस्तुर |
|---|---|---|
| १. | एक अर्व रुपैयाँ भन्दा कम | रु. १,००,०००।- |
| २. | एक अर्व रुपैयाँ देखि दुई अर्व रुपैयाँसम्म | रु. २,००,०००।- |
| ३. | दुई अर्व रुपैयाँ भन्दा बढी चार अर्व रुपैयाँसम्म | रु. ३,००,०००।- |
| ४. | चार अर्व रुपैयाँ भन्दा बढी आठ अर्व रुपैयाँसम्म | रु. ४,००,०००।- |
| ५. | आठ अर्व रुपैयाँ भन्दा बढी वीस अर्व रुपैयाँसम्म | रु. ५,००,०००।- |
| ६. | वीस अर्व रुपैयाँ भन्दा माथि | रु. ६,००,०००।- |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत नेपाल

प्रमुख सचिव



Scanned with CamScanner

अनुसूची-३
(नियम २१ सँग सम्वन्धित)
<u>अनुमतिपत्रको ढाँचा</u>

कर्णाली प्रदेश सरकार
.............मन्त्रालय
<u>................. अनुमतिपत्र</u>

महाशय,

यस मन्त्रालय र त्यस कम्पनी/संस्था वीच ...........आयोजनाका सम्वन्धमा मिति ................ मा भएको सम्झौता बमोजिम सो आयोजना कार्यान्वयनका लागि कर्णाली प्रदेश सरकारको मिति .......................... को निर्णय अनुसार कर्णाली प्रदेश सार्वजनिक र निजी साझेदारी नियमावली, २०७८ को नियम २१ बमोजिम यो ........... अनुमतिपत्र प्रदान गरिएको छ।

१. अनुमतिपत्र पाउने कम्पनी वा संस्थाको नाम र ठेगानाः
२. आयोजनाको नामः
३. आयोजनाको किसिमः
४. जलविद्युत उत्पादनको लागि सर्वेक्षण गरिने भए जलस्रोतको नाम वा अन्यको भए सोही बमोजिमको स्रोतः
५. आयोजनाको क्षेत्रः
   (क) जिल्लाः
   (ख) गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिकाः
   (ग) चार किल्लाः
   पूर्व.................... पश्चिम ....................उत्तर ..................दक्षिण ...............
६. आयोजनाको प्रकृतिः (पूर्वाधार वा सामाजिक-आर्थिक विकासका आयोजना मध्ये कुन प्रकृतिको आयोजना हो सो खुलाउने)
७. अनुमतिपत्र वहाल रहने अवधिः मिति ........... देखि मिति ........... सम्म
८. अन्य शर्तहरुः
   (क)
   (ख)

अनुमतिपत्र दिने अधिकारीको,
हस्ताक्षरः
नामः
पदः
मितिः

कार्यालयको छापः

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत नेपाल



प्रमुख सचिव

Scanned with CamScanner